# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## हार्दिक अपिल

भोटेकोशीमा एक्कासि आएको बाढीका कारण भोटेकोशी तथा त्रिशूली नदी आसपासका तटीय क्षेत्रमा ठूलो जनधनको क्षति तथा डुबान भएको दुःखद घटनाले हामी सबैलाई स्तब्ध र दुःखी बनाएको छ। यस विपद्को घडीमा बाढीको जोखिमबाट सुरक्षित रहन आवश्यक सम्पूर्ण सावधानी तथा सुरक्षाका उपायहरू अपनाउनुहुन सम्पूर्ण प्रदेशवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछु।

बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनःस्थापनाका कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन संघ, प्रदेश तथा स्थानीय सरकारलगायत सम्बन्धित सबै निकायले कुनै कसर बाँकी नराखी तत्काल परिचालित हुन म हार्दिक अपिल गर्दछु।

विशेषगरी तल्लो तटीय तथा जोखिमयुक्त क्षेत्रमा बसोबास गर्नुहुने सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूलाई बाढीको जोखिम पूर्ण रूपमा नहटेसम्म सुरक्षित तथा उच्च स्थानमा स्थानान्तरण भई सुरक्षित रहन समेत हार्दिक अपिल गर्दछु।

**२०८३ साल भाद्र १० गते, बुधबार**
**ने.सं. ११४६ गुंलाथ्व: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np